बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

स्थानीय राजपत्र

खण्ड १ अंक: २ कार्तिक, २० गते २०८३ साल (संख्या: ०५)

भाग-२

नगर कार्यपालिकाको मिति २०८३/०७/१६ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएकोछ ।

बर्दघाट नगरपालिकाको राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका परिचालन सम्बन्धी कार्यविधी, २०८३

प्रस्तावनाः नेपालको स्वास्थ्य क्षेत्रमा विगत लामो समय देखि नै महत्वपूर्ण योगदान पुऱ्याउदै आएका राष्ट्रिय महिला स्वास्थ्य स्वयम सेविकाहरूलाई परिचालन गर्दै स्वास्थ्य सेवालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय देखिएकोले बर्दघाट नगरपालिका राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य सवयंसेविकाकार्यक्रम रणनीति २०६७ (पहिलो संशोधन २०७६) बमोजिम "राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य सवयंसेविकापरिचालन सम्बन्धी कार्यविधी, २०८३" तयार पारिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधीको नाम "बर्दघाट नगरपालिकाको राष्ट्रिय महिला सामुदायिक स्वयंसेविका परिचालन सम्बन्धी कार्यविधी, २०८३" रहेको छ।

ख) यो कार्यविधी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

क) "**नगरपालिका**" भन्नाले "बर्दघाट नगरपालिका" लाई सम्झनुपर्छ।

ख) "**कार्यविधी**" भन्नाले "बर्दघाट नगरपालिकाको महिला स्वास्थ्य सवयंसेविका परिचालन सम्बन्धी कार्यविधी, २०८३" सम्झनुपर्छ।

ग) "**कार्यपालिका**" भन्नाले बर्दघाट नगरकार्यपालिका लाई सम्झनुपर्छ।

घ) "**राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका**" भन्नाले बर्दघाट नगरपालिका भित्र रहेका नियमानुसार छनौट भएका महिला स्वास्थ्य स्वयम सेविकाहरूलाई सम्झनुपर्छ।

ङ) "**स्वास्थ्य संस्था**" भन्नाले यस नगरपालिका भित्र अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाईहरूलाई सम्झनुपर्छ।

च) "**स्वास्थ्य शाखा**" भन्नाले बर्दघाट नगरपालिकामा रहेको स्वास्थ्य शाखालाई सम्झनुपर्छ।

छ) "**स्वयंसेविका छनौट समिति**" भन्नाले नियमानुसार गठन भएको महिला स्वास्थ्य स्वयंसेविकाछनौट समितिलाई सम्झनुपर्छ।

ज) "**नगरप्रमुख**" भन्नाले बर्दघाट नगरकार्यपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

झ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले बर्दघाट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ञ) "**सेवा सुविधा**" भन्नाले संघ, प्रदेश र यस नगरपालिकाबाट स्वीकृत भई महिला स्वास्थ्य सेवालाई प्रदान गर्ने "सेवा सुविधा" सम्झनुपर्छ।

३. **उद्देश्य**

क) स्वास्थ्य स्वयम सेविकाहरूलाई सेवामा उत्प्रेरणा जगाउनु।

ख) नगरपालिकाको स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूमा महिला स्वास्थ्य स्वयम सेविकहरूलाई परिचालन गरी निर्धारित समयमै लक्ष्य हासिल गर्नु।

ग) नियमित प्रवाह हुने स्वास्थ्य सेवाको प्रगति प्राप्त गर्नु।

घ) संघ, प्रदेश तथा नगरपालिकाले निर्धारण गरेको स्वास्थ्य प्रवर्धन सम्बन्धी कार्यक्रमहरूका लक्ष्य तथा उद्देश्य हासिल गर्नु।

४. **स्वास्थ्य आमा समूह गठन तथा कार्य विवरण सम्बन्धी**

आमा समूह गठन तथा छनौट गर्ने देहाय बमोजिमका आधारहरू निर्धारण गरेको छः

क) आमा समूह गठनका लागि एउटै टोलका कम्तीमा २५ जना विवाहित महिला, गर्भवती महिला, बच्चाका आमा तथा सासूहरू सहभागी भएको समूह हुनुपर्ने छ।

ख) पहिलेदेखि नै गठन भई सञ्चालनमा रहेका आमा समूहहरूलाई नियम ४(क) अनुरुप हुने गरी पुनर्गठन गर्न सकिने छ।

ग) सहभागीहरूमध्येबाट सर्वसम्मत रुपमा छनौट भएका जना अध्यक्ष सहित अन्य सहभागी सदस्य रहने र आमा समूहको सदस्य सचिवको काम महिला स्वास्थ्य स्वयम सेविकाले गर्नुपर्ने छ।

५. महिला स्वयम सेविकाको छनौट

राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य सवयंसेविकाछनौट हुनको लागि देहाय बमोजिमको मापदण्ड पुरा भएको हुनु पर्ने छ।

क) स्वयम सेविकाको रुपमा कार्य गर्ने महिला सम्बन्धित वडा वा टोलको स्थायी बासिन्दा र आमा समूहको सदस्य हुनुपर्ने छ।

ख) निःशुल्क रुपमा स्वयम सेविकाको रुपमा काम गर्न इच्छुक हुनुपर्ने छ।

ग) उमेर २५ वर्ष पुरा भई ४० वर्ष ननाघेको वैवाहिक महिला हुनुपर्ने छ।

घ) कम्तीमा १० कक्षा पास हुनुपर्ने छ।

ङ) फौजदारी अभियोगमा कसुर नभएको तथा मानसिक सन्तुलन ठीक भएको हुनुपर्ने छ।

च) परिवारको मन्जुरी भएको तथा सरकारी वा गैर सरकारी संस्थाको कर्मचारी र निर्वाचित पदाधिकारी नभएको हुनुपर्ने साथै निर्वाचनमा भाग लिई निर्वाचित भएमा सवयंसेविकापद स्वतः जानेछ। उक्त स्थानमा यसै विधि अनुरुप नयाँ छनौट हुनेछ। हाल कार्यरत रहेकोमा स्वतः यस विधिबाट भएको मान्य हुनेछ।

छ) तोकिएको ढाँचामा निवेदन दिई आमा समूहबाट छनौट भई स्वास्थ्य संस्था र वडाको सिफारिस भएको हुनुपर्ने छ।

ज) निवेदनहरू एक भन्दा धेरै भएमा सम्बन्धित वडाको स्वास्थ्य संस्था प्रमुख वा प्रतिनिधि र वडा अध्यक्ष वा निजले तोकेको प्रतिनिधिको रोहवरमा सेवा क्षेत्रभित्रका आमा समूह मध्येका अधिकतम सदस्यहरूले छानेको महिला स्वास्थ्य स्वयमसेविका चयन गर्न सकिने छ।

६. काम कर्तव्य र जिम्मेवारी

क) तोकिएको कार्य क्षेत्र भित्रका सम्पूर्ण घरधुरी उमेर समूहको जनसंख्या प्रजनन उमेरका महिलाहरूको संख्या लगायत सम्पूर्ण जनसंख्याको लगत राख्नुपर्ने छ।

ख) सम्बन्धित स्वास्थ्य संस्था, वडा र नगरपालिकाको मातहतमा रही सेवा गर्नुपर्ने छ।

ग) नेपाल सरकारले तोकेको सम्पूर्ण स्वास्थ्य सम्बन्धी क्रियाकलापहरूमा सहभागी भई सहयोग गर्नुपर्ने छ।

घ) गाउँघर क्लिनिक, खोप क्लिनिक, राष्ट्रिय अभियान तथा नगरपालिकाले तोकेको अभियानहरूमा सहभागी भई सहयोग कार्य गर्नुपर्ने छ।

ङ) हरेक महिनाको अन्त्यमा आफूले गरेका क्रियाकलापको प्रतिवेदन सम्बन्धित स्वास्थ्य संस्थामा पेश गर्नुपर्ने छ।

च) नेपाल सरकारले स्थानीय स्तरमा प्रदान गर्ने सेवा तथा नगरपालिकाले आफ्नो नगरभित्रको स्थानीय तहमा प्रदान गर्ने सेवा र प्रेषण कार्यमा नियमित रुपमा सहभागी भई सेवा दिनुपर्ने छ।

छ) नगरकार्यपालिकाले घरधुरी जनसंख्या, गाउँ र टोल एकिन गरी महिला स्वास्थ्य स्वयम सेविकाको संख्या र कार्यक्षेत्र तोक्न सक्नेछ।

ज) महिला स्वास्थ्य स्वयमसेविकालाई पायक पर्ने गाउँ टोलमा आवश्यकता अनुसार खटाउन सकिने छ।

झ) स्वास्थ्य स्वयम सेविकाको आचारसंहिता अनुसूची-१ बमोजिम हुनेछ।

ञ) हरेक वडामा कम्तिमा १ जना महिला स्वास्थ्य स्वयम् सेविका रहने गरी तपसिल अनुसार व्यवस्थापन हुनेछ ।

ट) खण्ड "ज" वमोजिम छनोट भई आएका स्वास्थ्य स्वयम् सेविकालाई नियुक्ति/कार्यादेश नगरपालिकाबाट दिइनेछ ।

ठ) राष्ट्रिय महिला स्वास्थ्य स्वयम सेविकाको सेवा निवृत्त वा सेवाबाट हटेपछी तपशिल अनुसार म.स्वा.स्व.से.को संख्या वडा अनुसार नबढ्ने गरी संख्या कायम गरिनेछ ।

ड) राष्ट्रिय महिला स्वास्थ्य स्वयम सेविकाको संख्या देहाय अनुसार रहनेछ ।

वडा नं	म.स्वा.स्व.से.को सङ्ख्या	कैफियत
१	१	
२	३	
३	१	
४	४	
५	२	
६	१	
७	१	
८	१	
९	१	
१०	२	
११	२	
१२	३	
१३	३	

१४	३	
१५	२	
१६	२	
जम्मा	३२	

७. सेवा सुविधा

क) महिला स्वास्थ्य स्वयम सेविकाहरूको मासिक रुपमा पारिश्रमिक हुने छैन। तर नेपाल सरकारले प्रदान गरेको यातायात पोशाक सुविधाका अतिरिक्त मासिक बैठक, खोप कार्यक्रम, आमा समूहको बैठक सञ्चालन तथा समुदाय भ्रमण आदि कार्यका लागि प्रति महिना एकमुष्ठ रु. ३०००.० (रुपैया तीन हजार मात्र) उपलब्ध गराइनेछ

ख) बिस वर्ष सेवा अवधि पुरा गरी ६० वर्ष उमेर पुगेका राष्ट्रिय महिला स्वास्थ्य स्वयम सेविकालाई सेवाबाट अलग हुँदा प्रोत्साहन स्वरुप रु २,५०,००० (दुइ लाख पचास हजार) रकम उपलब्ध गराइनेछ।

ग) ६० वर्ष उमेर पुग्नुभन्दा पहिले र २० वर्ष सेवा अवधि नपुगी स्वइच्छाले सेवावाट अलग हुने र ६० वर्ष उमेर पुगे पनि सेवा अवधि २० वर्ष नपुगी स्वइच्छाले सेवा बाट हट्ने महिला स्वास्थ्य स्वयम सेविकालाई प्रति वर्ष रु. ७०००.० (रुपैया सात हजार मात्र) का दरले हुन आउने रकम एकमुष्ठ रुपमा उपलब्ध गराइनेछ । यसको लागि सेवा बाट हट्नुको उचित कारण सहित स्वास्थ्य संस्थामा लिखित जानकारी गराउनुपर्नेछ। अन्याथा पाउने सेवा सुविधा अर्को वर्ष मात्र उपलब्ध गराइनेछ।

घ) एकै वर्षमा धेरैजना महिला स्वास्थ्य स्वयम् सेविका सेवाबाट अवकास लिने भएमा नगरपालिकाको श्रोतले धान्न सक्ने अवस्था अनुसार आवश्यक बजेट व्यवस्था गरी क्रमैसंग भुक्तानी दिइनेछ।

तर कानुन बिपरित काम गरी सेवाबाट निस्कासन गरिएमा वा सेवा रद्द भएमा त्यस्ता महिला स्वास्थ्य स्वयम् सेविकालाई कुनै पनि सेवा सुविधा उपलब्ध गराउन नगरपालिका बाध्य हुने छैन।

ङ) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन नगरपालिकाको स्वीकृती लिई कुनै संघ संस्थाले राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरूलाई प्रोत्साहन गर्न तथा स्वास्थ्य सम्बन्धी काममा लगाउन सक्ने छ।

८. सेवा उमेर र संख्याको व्यवस्था

क) राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरूको सेवा उमेर ६० वर्ष हुनेछ।

ख) आमा समूहको सिफारिसमा नगरपालिकाको स्वास्थ्य शाखाले राजिनामा स्वीकृत गरेपछि सेवा मुक्त भएको मानिनेछ।

ग) सेवा मुक्त हुने अवस्थाहरूः

- नेपाल सरकार वा नगरपालिकाले गैर कानुनी मानेको कार्यमा संलग्न भएमा।
- मानसिक सन्तुलन गुमाएमा।
- स्वेच्छाले राजिनाम पेश गरेमा ।
- नैतिक पतन देखिने कार्य गरेमा वा फौजदारी अभियोगमा कसुरदार ठहरिएमा।
- बसाइसराइ गरी अर्को स्थान, वडा वा पालिकामा गएमा।
- काम काज सन्तोषजनक नभएको भनी स्वास्थ्य आमा समूहको निर्णय र माग बमोजिम सेवा सन्तोषजनक नभएको ठहरिएमा।
- महिला स्वास्थ्य स्वयम् सेविका बिना सूचना लगातार ३ महिनासम्म मासिक बैठकमा अनुपस्थित भएमा तथा सेवा प्रवाहको काम नगरेमा .।
- स्वास्थ्य संस्थासँग अनावश्यक विवाद गरी काममा सन्तोषजनक नदेखिएमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयमा संस्थाले हटाउने भनि गरेको सिफारिसमा सम्बन्धित शाखासमेतले सिफारिस गरेमा प्रमुख प्रशासकीय अधिकृतले हटाउनेछन् ।
- तोकिएको प्रकृया विपरीत अन्य वैतनिक पदमा नियुक्ति भएमा ।
- संघ, प्रदेश र स्थानीय तहको निर्वाचनमा उमेदवार भएमा ।

९. थपघट र हेरफेर

नगरको आवश्यकता, प्राथमिकता एवम् सन्दर्भ समेतलाई मध्यनजर गरी बर्दघाट नगरपालिकाले यस कार्यविधीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्ने छ।

१०. बाधा अड्काउ फुकाउः (१) यो कार्यविधी कार्यान्वयनको क्रममा कुनै बाधा आइपरेमा नगरकार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

११. बचाउ तथा खारेजी

क) यस कार्यविधीमा व्यवस्था भएका कुराहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

ख) यो कार्यविधी लागु हुनु भन्दा पहिले बर्दघाट नगरपालिका अन्तर्गत सञ्चालित कार्य यसै कार्यविधी मार्फत भए गरेको मानिनेछ।

अनुसूची-१

राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरूले पालना गर्नुपर्ने आचारसंहिता तथा प्रतिवद्धता

१. स्वयमसेवी भावनाले समुदायको स्वास्थ्य अधिकार र पहुँचलाई मूल मन्त्र मानी नैतिकता, इमान्दारिता र उच्च मनोवलकासाथ कार्य गर्ने।

२. आफ्नो सीप र ज्ञानको उपयुक्त रुपमा सदुपयोग गरी विभिन्न स्वास्थ्य कार्यक्रममा संलग्न भई समुदायमा स्वास्थ्य सेवाको प्रवर्धन गर्ने।

३. आफू सम्बद्ध स्वास्थ्य आमा समूहप्रति इमान्दारी, जवाफदेही तथा प्रतिबद्ध भई पूर्ण रुपमा कार्य गर्ने।

४. स्वयमसेवकको भावना र मर्मलाई कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाइको प्रवर्धन गर्ने।

५. सिकेका ज्ञान र सीपको समुचित प्रयोग गरी जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रवर्धन गर्न लगाउने।

६. समुदायसँगको व्यवहारमा सधैं विनम्र रुपमा सहयोगी हुने तथा सेवाग्राहीको गोपनीयता कायम राख्ने।

७. आर्जित ज्ञान सीपलाई सही सदुपयोग गरी गर्भवती आमा तथा नवशिशुको स्वास्थ्य उत्थानमा लाग्नुपर्ने छ।

८. स्वास्थ्य आमा समूहलाई सशक्तिकरण गर्ने तथा स्वास्थ्य सवयंसेविकाकोषको भावना र मर्म अनुसार यसको दिगोपना र प्रयोगमा सहभागी हुने।

९. समुदाय तथा व्यक्तिको मान्यता र संस्कृतिलाई कदर गरी पक्षपातरहित स्वास्थ्यक्षेत्रमा सञ्चालित अभियान कार्यक्रममा सक्रियरुपले सहभागी हुने।

१०. महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाले पालन गर्नुपर्ने नीति, नियम तथा संघ, प्रदेश र नगरपालिका अन्तर्गत सञ्चालित कार्यक्रमहरूलाई प्राथमिकताका साथ सम्पन्न गर्ने।

११. जात, लिङ्ग, धर्म, भाषा, शारीरिक अशक्तता तथा राजनैतिक विचारधारामा कुनै विभेद र आफ्नो संलग्नता नरहने।

आज्ञाले

ऋषिराम भुसाल

प्रमुख प्रशासकीय अधिकृत